# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, जेठ ७ गते २०३१ साल [संख्या ६

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

प्रेस काउन्सिल (निर्वाचन कार्यविधि) नियमावली, २०३०

छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः–(१) यी नियमहरूको नाम "प्रेस (निर्वाचन कार्यविधि) नियमावली, २०३०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "निर्वाचन" भन्नाले छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ को दफा ३० क. को उपदफा (१) को खण्ड (च) बमोजिम पत्रकार संघबाट प्रेस काउन्सिलको सदस्यताको निमित्त हुने निर्वाचन सम्झनु पर्छ ।

६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "पत्रकार संघ" भन्नाले प्रचलित नेपाल काननबमोजिम रजिष्टर भएको पत्रकार संघ सम्झनु पर्छ ।

(ग) "पत्रकार" भन्नाले नेपाल अधिराज्यबाट प्रकाशित हुने कुनै समाचार पत्र वा पत्रिकालाई प्रतिनिधित्व गर्ने गरी पत्र प्रतिनिधि नियमहरू, २०२१ बमोजिम प्रमाणपत्र प्राप्त गरेको सम्पादक, स्तम्भ लेखक वा समाचारदाता सम्झनु पर्छ ।

स्पष्टिकरणः– यस नियमावलीको प्रयोजनको लागिः–

(१) "सम्पादक" भन्नाले प्रधान सम्पादक, कार्यकारी सम्पादक, सह सम्पादक, सहायक सम्पादक वा उप सम्पादकलाई समेत जनाउँछ ।

(२) "स्तम्भ लेखक" भन्नाले पत्रकारिताको पेशा अपनाई बराबर पत्र-पत्रिकाको स्तम्भ लेख्ने व्यक्ति सम्झनु पर्छ ।

(३) "समाचारदाता" भन्नाले जिल्ला वा अञ्चलस्तरीय समाचारदातालाई समेत जनाउँछ ।

(घ) "मतदाता" भन्नाले निर्वाचनमा मत दिन पाउने पत्रकार संघको पत्रकार सदस्य सम्झनु पर्छ ।

(ङ) "उम्मेदवार" भन्नाले निर्वाचनमा उम्मेदवार भई खडा हुने मतदाता सम्झनु पर्छ ।

## परिच्छेद–२

## निर्वाचन अधिकृतको नियुक्ति

३. निर्वाचन अधिकृतको नियुक्तिः– (१) निर्वाचन गरिने मितिभन्दा कमसेकम एक महीना अगाडि श्री ५ को सरकारले निर्वाचन अधिकृत नियुक्त गर्नेछ । निर्वाचन अधिकृतले आवश्यकतानुसार रिटर्निंग अधिकृत र पोलिंग अधिकृतहरू नियुक्त गर्न सक्नेछ ।

(२) रिटर्निंग वा पोलिंग अधिकृतलाई निर्वाचन अधिकृतले अवस्था हेरी आफ्नो सबै वा केही अधिकार सुम्पन्न सक्नेछ ।

## परिच्छेद–३

## निर्वाचन सञ्चालन

४. निर्वाचनको कार्यक्रमको प्रकाशनः– निर्वाचन अधिकृतले उम्मेदवार मतदाताहरूको जानकारीको लागि निर्वाचनको कार्यक्रम निर्वाचन हुनेभन्दा कम्तीमा एक महीनाअघि प्रकाशित गर्नेछ ।

५. मतदाताको नामावलीको प्रकाशन, नामावलीमा दावी विरोध र मतदाता नामावलीको अन्तिम प्रकाशनः– (१) निर्वाचन अधिकृतले मतदाताको नामावली पत्रकार संघबाट

६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छिकाइ प्रकाशित गर्नेछ र त्यस्तो मतदाताको नामावली प्रकाशित भएपछि सो प्रकाशित नामावलीमा भएको नाम वा कुनै व्यहोराको विरोध गरी नाम हटाउन वा कुनै कुरा सच्याइ माग्न वा छूट भएको नाम समावेश गराउन चाहने व्यक्तिले त्यस्तो नामावली प्रकाशित भएको सात दिनभित्र निर्वाचन अधिकृत समक्ष दावी विरोध गर्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिमको म्यादभित्र दावी विरोध पर्न आएमा निर्वाचन अधिकृतले जाँच बुझ गरी नामावलीमा कुनै कुरा सच्याउनु परेमा वा कसैको नाम समावेश गर्नु वा हटाउनु परेमा सो सच्याइ वा समावेश गरी वा हटाइ अन्तिम रूपमा मतदाता नामावली प्रकाशित गर्नेछ ।

(३) उप-नियम (२) बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम नपरेका व्यक्तिले मत दिन र उम्मेदवार हुन समेत पाउने छैन ।

६. उम्मेदवारको लागि दरखास्तः– (१) निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिले नियम ४ बमोजिमको सूचनामा तोकिएको म्यादभित्र आफै उपस्थित भई वा अख्तियार प्राप्त वारिस पठाइ निर्वाचन अधिकृतले तोकेको ढाँचामा निज समक्ष दरखास्त दिनु पर्छ र दरखास्त दिने उम्मेदवारले आफ्नो दरखास्तमा एक जना प्रस्तावक र एक जना समर्थक मतदाताको सहीछाप गराइ पेश गर्नु पर्छ ।

तर कुनै निर्वाचनमा कुनै मतदाताले एकभन्दा बढी उम्मेदवारको प्रस्तावक भएको वा समर्थक भएको दरखास्तलाई मान्यता दिइने छैन ।

(२) उप-नियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि निर्वाचन अधिकृतले सो दरखास्त रीतपूर्वकको छ छैन हेरी रीतपूर्वकको भए दर्ता गरी त्यसको निस्सा दरखास्तवाला वा निजको वारिसलाई दिनु पर्छ र रीत नपुगेकोमा जो जति रीत नपुगेको हो सो सच्याउन मौका दिनु पर्छ । दरखास्तवालाले सच्याउन नचाहेमा सो व्यहोरा दरखास्तमा जनाइ राख्नु पर्छ ।

७. उम्मेदवार हुन नपाउनेः– देहायमा लेखिएको कुनै व्यक्ति निर्वाचनमा उम्मेदवार हुन पाउने छैनः–

(क) गैर नेपाली नागरिक,

(ख) मगज बिग्रेको ।

८. दरखास्त दस्तूर बुझाउनेः– नियम ६ बमोजिम दरखास्त पेश गर्दा उम्मेदवारले पच्चीस रूपैयाँ दरखास्त दस्तूर समेत बुझाउनु पर्छ ।

९. दर्खास्तको जाँच गर्नेः– (१) नियम ६ बमोजिम पर्न आएको दरखास्तलाई निर्वाचन अधिकृतले जाँच गर्नेछ । त्यसरी दरखास्त जाँच गर्दा उम्मेदवार वा निजको वारिसले चाहेमा उपस्थित हुन सक्नेछ ।

६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिम दरखास्तको जाँच गर्दा निर्वाचन अधिकृतले दरखास्त रीतपूर्वकको छ छैन जाँच्नु पर्छ र त्यसरी जाँच्दा दरखास्तमा प्रस्तावक वा समर्थकको सहीछाप कीर्ते भएकोतर्फ प्रश्न उठेमा त्यस्मा समेत जाँच गर्न सक्नेछ ।

१०. नाम फिर्ता लिने :- उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा नियम ४ बमोजिम तोकिएको म्यादभित्र निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफैं वा आफ्नो वारिसद्वारा नाम फिर्ता लिन सक्नेछ ।

११. उम्मेदवारको नामावलीको प्रकाशनः- उम्मेदवारले नाम फिर्ता लिने म्याद समाप्त भएपछि निर्वाचन अधिकृतले उम्मेदवारहरूको नामावली प्रकाशित गर्नेछ ।

१२. निर्विरोध छानिनेः- (१) उम्मेदवारहरूको संख्या निर्वाचन गरिने रिक्त पदको संख्या बराबर वा सोभन्दा घटी हुन आएमा निर्वाचनको काम गर्नु पर्ने छैन र निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारहरू निर्विरोध निर्वाचित भएको भनी तुरुन्त घोषित गर्नु पर्छ ।

(२) उप-नियम (१) बमोजिम आवश्यक संख्याभन्दा कम उम्मेदवारहरू खडा भई निर्विरोध निर्वाचित भएकोमा निर्वाचन अधिकृतले बाँकी सदस्यताको लागि पुनः निर्वाचन गर्ने सूचना जारी गरी निर्वाचन गर्ने प्रबन्ध गर्नु पर्छ ।

## परिच्छेद—४
## निर्वाचनको काम

१३. मतदानपत्रः— मतदान दिन आउने प्रत्येक मतदातालाई निर्वाचन अधिकृतले अनुसूची १ मा तोकेको ढाँचाको मतदानपत्र दिनेछ ।

१४. मत दिने स्थानमा प्रवेशः— (१) मत दिने स्थानमा भीड वा गोलमाल हुन नपाउने गर्न निर्वाचन अधिकृतले मतदाता बाहेक अरू व्यक्तिलाई प्रवेश गर्नमा रोक लगाउन सक्नेछ ।

(२) निर्वाचन अधिकृतले मतदान केन्द्रको निमित्त तोकेको क्षेत्रभित्र मतदान शुरू हुनुभन्दा २४ घण्टा अगाडिदेखि कुनै प्रकारको प्रचार कार्य गर्न निषेध गर्न सक्नेछ ।

१५. समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम निर्वाचन हुनेः— निर्वाचन समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम एक परिवर्तनीय मतको आधारमा गरिनेछ र मतदान गोप्य तरीकाले हुनेछ ।

१६. सामान्य बहुमतद्वारा निर्वाचन गराउन सकिनेः— यस अघि यस नियमावलीमा जेसुकै लेखिएको भए तापनि एक मात्र रिक्त पदको निर्वाचन गराउन परेमा साधारण बहुमतद्वारा निर्वाचन गरिनेछ । त्यस्तो निर्वाचनको मतदानको मतपत्रको ढाँचा अनुसूची २ बमोजिमको हुनेछ ।

१७. संकट कालमा मतदान स्थगित गर्नेः— (१) कुनै मतदान केन्द्रमा हुल दंगा भई वा कुनै प्राकृ-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तिक विपद वा अरू कुनै कारणले गर्दा मतदान कार्य हुन नसक्ने भएमा निर्वाचन अधिकृतले सो दिन सो केन्द्रको मतदान कार्य स्थगित गरी सो कुराको सूचना श्री ५ को सरकारमा तुरुन्त दिनु पर्छ ।

(२) उप-नियम (१) बमोजिम स्थगित गरिएको केन्द्रमा मतदान हुने मिति र समय निर्वाचन अधिकृतले सकभर चाँडो ठेगान गरी मतदान सम्पन्न गर्नेछ ।

१८. अशक्त मतदाताः– कुनै शारीरिक अशक्त भएको मतदाताले आफैंले मतदान गर्न नसक्ने भई उम्मेदवारको एजेण्ट बाहेक अरू कसैलाई साथ लैजान मागेमा निर्वाचन अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत दिने स्थानमा प्रवेश गर्न दिन सक्नेछ। त्यस्तो मतदाताले निर्वाचन अधिकृतलाई नै साथ लैजान मागेमा निर्वाचन अधिकृत निजको साथमा जानु हुन्छ ।

१९. मतदानपत्र दिनु अगावै पुरयाउने तरीकाः– (१) मतदान दिने स्थानभित्र पसेपछि निर्वाचन अधिकृतले मतदाताको नाम, ठेगाना र पत्रकारको हैसियत मतदाताको सूचीमा भिडाइ हेर्दा ठीक ठहरे मतदानपत्र दिनु पर्छ ।

(२) कुनै मतदाताको सम्बन्धमा मतदाताको सूचीमा कुनै व्यहोरा, लेखाइ वा छपाइको सानोतिनो भूल भएको देखिए तापनि सो भएको व्यहोरा मतदाताकै सम्बन्धको हो भन्ने निर्वाचन अधिकृतलाई लागेमा त्यस्तो व्यक्तिलाई मतदान गर्न इजाजत दिन सक्नेछ ।

२०. नाम ढाँटी आएमा विरोध गर्न पाउनेः– (१) कुनै व्यक्तिले नाम ढाँटी मतदान गर्न आएमा कुनै उम्मेदवार वा निजको वारिसले पाँच रूपैयाँ दस्तूर राखी निर्वाचन अधिकृत समक्ष विरोध गर्न पाउनेछ ।

(२) उप-नियम (१) बमोजिम विरोध गरिएकोमा निर्वाचन अधिकृतले बुझी त्यसको निर्णय गर्नेछ र सो सम्बन्धमा निजले गरेको निर्णय अन्तिम हुनेछ ।

२१. मतपेटीका बन्द गर्नेः– (१) मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले उम्मेदबार वा निजको वारिस उपस्थित भए निजको सामुन्ने मतपेटीकाको मतपत्र छिराउने प्वाल बन्द गर्नु पर्छ र त्यसरी प्वाल बन्द गर्दा आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको पनि लाहाछाप लगाउनु हुन्छ ।

(२) मतपत्र दिँदा प्रयोग गरिएको मतपेटीका बाहिर खसालिएका मतपत्रहरू वा खारेज गरिएको मतदान पत्रहरू तथा निर्वाचनसम्बन्धी मुचुल्का छुट्टाछुट्टै खाममा राखी निर्वाचन अधिकृतले आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको पनि लाहाछाप लगाइ बन्द गर्नु पर्छ ।

८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. मतपेटीका बिगारिएमा वा हराएमा पुनः मतदान हुनेः– (१) कुनै मतदान केन्द्रको मतपेटीका लुटिएमा, खोसिएमा वा कुनै गैरकानूनी तवरले खोलिएमा, बिगारिएमा, फोरिएमा, दुर्घटनावश वा जानी जानी नाश गरिएमा वा हराएमा त्यस्तो केन्द्रको मतदान बदर गरी त्यसको व्यहोराको प्रतिवेदन निर्वाचन अधिकृतले श्री ५ को सरकारमा पेश गर्नु पर्छ ।

(२) उप-नियम (१) बमोजिम मतदान बदर गरिएको केन्द्रमा पुनः मतदान गर्ने मिति र समय सकभर चाँडो निर्वाचन अधिकृतले ठेगान गरी मतदान सम्पन्न भएपछि त्यसको सूचना श्री ५ को सरकारमा पठाउनु पर्छ ।

## परिच्छेद–५

## मत गन्ती

२३. मत गन्तीको दिन र स्थान तोक्नेः– (१) मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले मत गन्ती गर्ने स्थान र समय तोकी त्यसको सूचना उम्मेदवार वा निजको वारिसलाई दिनेछ ।

(२) उप-नियम (१) बमोजिम तोकेको मितिमा कुनै विशेष कारणवश मत गन्ती गर्न नसक्ने भएमा निर्वाचन अधिकृतले सो काम गर्ने अर्को मिति, समय र जरूरत परे अर्को स्थान तोकी उम्मेदवार वा निजको वारिसलाई सूचना दिनेछ ।

२४. उपस्थित हुन पाउने व्यक्तिहरूः– (१) निर्वाचन अधिकृतले मत गन्ती गर्ने स्थानमा निर्वाचनको कामसंग सम्बन्धित कर्मचारीहरू, उम्मेदवार वा निजको वारिस बाहेक अन्य व्यक्तिहरूलाई उपस्थित हुन नदिन सक्नेछ ।

(२) मत गन्ती गर्ने काममा बाधा दिने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतको आदेशले मत गन्ती गर्ने स्थानबाट बाहिर निकाल्न सकिनेछ ।

२५. लगातार मत गन्ती गर्नेः– निर्वाचन अधिकृतले मत गन्ती गर्ने काम सकेसम्म लगातार जारी राखी सिध्याउनु पर्छ र कुनै कारणले मत गन्ती गर्ने काम बीचमा रोक्न परेमा निर्वाचन अधिकृतले मतदान पत्रहरू, मतपेटीकाहरू र निर्वाचनसम्बन्धी अरू कागजात बन्द गरी आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको समेत लाहाछाप लगाइ हिफाजत साथ राख्नु पर्छ ।

२६. मत बराबर भएमा गर्नेः– दुई वा दुईभन्दा बढी उम्मेदवारहरूले बराबर मत प्राप्त गरेमा सो बराबर मत पाउनेहरूको बीच निर्वाचन अधिकृतले गोला हाली बाहेक हुने उम्मेदवारको घोषणा गरी अरू कारवाई गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. मतपत्र बदर हुने अवस्था:– देहायका अवस्थामा मतपत्रहरू बदर हुनेछः–

(क) समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम हुने निर्वाचनको अवस्थामा–

(१) निर्वाचन अधिकृतको सहीछाप नभएको ।

(२) क-कसलाई मत दिएको हो सो नबुझिने गरी च्यातिएको वा फोहर गरिएको ।

(३) मतपत्रमा अनावश्यक कुरा लेखेको वा मतदाता चिनिने संभावना हुने गरी संकेत चिह्न लेखेको ।

(४) मतपेटीका बाहिर रहेको ।

(५) मत नदिने निश्चय गरी निर्वाचन अधिकृतलाई फिर्ता दिएको ।

(६) प्रथम प्राथमिकता नै नलेखेको वा कोठा बाहिर लेखेको ।

(७) जाली मतपत्र ।

(८) जति सदस्य पद पूर्ति गर्न निर्वाचन भएको हो त्यति संख्याभन्दा बढी प्राथमिकता जनाएको ।

स्पष्टीकरण:– एकभन्दा बढी प्राथमिकता संकेत गर्न पाउनेमा संख्याको क्रम टुटाइ संकेत गरेको मतपत्र भए टुटेको क्रम संख्यापछि संकेत गरिएको प्राथमिकता संख्याहरूको कुनै विचार नगरी एकदेखि क्रम नटुटेसम्मको मतलाई गणना गर्ने गरी मतपत्र सदर मानिनेछ ।

(ख) साधारण बहुमतद्वारा निर्वाचन हुने अवस्थामा–

(१) निर्वाचन अधिकृतको सहीछाप नभएको ।

(२) कसलाई मत दिएको हो सो नबुझ्ने गरी च्यातिएको वा फोहर गरिएको ।

(३) कुनै कोठामा रेजा चिह्न नलगाएको वा एकभन्दा बढी कोठामा रेजा चिह्न वा अरू चिह्न लगाएको ।

(४) मतपत्रमा अनावश्यक कुरा लेखेको वा मतदाता चिनिने संभावना हुने गरी संकेत चिह्न लेखेको ।

(५) मतपेटीका बाहिर रहेको ।

(६) मत नदिने निश्चय गरी निर्वाचन अधिकृतलाई फिर्ता दिएको ।

(७) जाली मतपत्र ।

२८. निर्वाचन परिणामको घोषणा:– मत गन्ती गरिसकेपछि निर्वाचन अधिकृतले हरेक उम्मेदवारले पाएको मतपत्रको कूल संख्या चढाइ तत्काल निर्वाचनको परिणाम घोषणा गर्नु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. निर्वाचनसम्बन्धी कागजातः– (१) निर्वाचन सम्बन्धमा प्रयोग भएका कागजातहरू-मध्ये निर्वाचन अधिकृतको जिम्मामा रहेको सदर वा बदर भएको मतपत्रको बन्दी खाम तथा मतदान केन्द्रमा प्रयोग भएको मतदाता-सूचीको बन्दी खाम श्री ५ को सरकारको आदेश बिना खोल्न हुँदैन ।

(२) उप-नियम (१) मा उल्लिखित कागज बाहेक निर्वाचनसम्बन्धी अरू कागजातहरू हेर्न वा त्यसको नक्कल लिन चाहेमा श्री ५ को सरकारले तोकेबमोजिमको दस्तूर तिरी हेर्न वा नक्कल लिन सकिनेछ ।

(३) उप-नियम (१) मा उल्लिखित कागजहरू श्री ५ को सरकारले तोकेको म्यादसम्म सुरक्षित राख्नुपर्छ ।

28

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१
(नियम १३ सित सम्बन्धित)

### मतपत्र

| उम्मेदवारको नाम (वर्णानुक्रमले) | प्राथमिकता संकेत गर्ने कोठा |
|---|---|
| श्री........ | |
| श्री........ | |
| श्री........ | |
| श्री........ | |

निर्वाचन अधिकृतको सही ............

**मत संकेत गर्ने तरीका**

आफूले रोजेको उम्मेदवार वा उम्मेदवारहरूको नाउँको दायाँपट्टि रहेको यस्तो [ ] कोठामा १,२,३, वा ४ अंक लेखी प्राथमिकता संकेत गर्नु पर्छ। जस्तैः–

पहिलो प्राथमिकतालाई [ १ ] र दोस्रो प्राथमिकतालाई [ २ ] आदि ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम १६ सित सम्बन्धित)
मतपत्र

| उम्मेदवारको नाम (वर्णानुक्रमले) | मत संकेत गर्ने कोठा |
|---|---|
| श्री ........ | |
| श्री ........ | |
| श्री ........ | |

निर्वाचन अधिकृतको सही .............

**मत संकेत गर्ने तरीका**

आफूले रोजेको उम्मेदवारको नाउँको दायाँपट्टि रहेको यस्तो ☐ कोठामा यस्तो √ प्रकारले चिह्न दिनु पर्छ । जस्तैः– [√]

आज्ञाले–
तीर्थराज तुलाधर
श्री ५ को सरकारको का.मु. सचिव

८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार